जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २५१ | २०८३ साल बैशाख १३ गते आईतवार | Sunday-26-April-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

# मटिअर्वा सिमा सुरक्षा गुल्मका डीएसपी गणमा तानिए, छानबिन प्रक्रिया सुरू

**शु.आ. संवाददाता**
**बारा, १२ बैशाख**




बाराको मटिअर्वास्थित सशस्त्र प्रहरी बल नेपाल अन्तर्गत सिमा सुरक्षा गुल्ममा कार्यरत डीएसपी नारायण प्रसाद पौडेल लाई गणमा तानिएको छ ।

श्रोतका अनुसार मदिरा सेवन गरी कबाड तथा कपडाको अवैध तस्करीमा संलग्न रहेको गम्भीर आरोप लागेपछि उनलाई छानबिनका लागि शुक्रबार राति सशस्त्र प्रहरी बलको १२ नम्बर गणमा तानिएको हो ।

प्राप्त जानकारीअनुसार कार्यक्षेत्रमा जिम्मेवारी निर्वाह गर्नुपर्ने समयमा मदिरा सेवन गरी बस्ने र सोही आडमा सीमा क्षेत्रमा हुने अवैध ओसारपसारमा संलग्न तस्करहरूलाई सहयोग गरेको भन्दै उजुरी परेपछि उनीमाथि कारबाही प्रक्रिया अघि बढाइएको बताइएको छ ।

यसैबीच, सशस्त्र प्रहरी उपरीक्षकको आकस्मिक अनुगमनका क्रममा मटिअर्वा सिमा सुरक्षा गुल्म पुग्दा समेत डीएसपी पौडेल मदिरा सेवनका कारण उपस्थित हुन नसकेको विषय बाहिर आएपछि सुरक्षा निकायको छविमा नकारात्मक प्रभाव परेको भन्दै उनलाई जिम्मेवारीबाट हटाएर अनुसन्धानका लागि गणमा बोलाइएको स्रोतको दाबी छ ।

यता, बिशाल सिलवाल (गणपति, सशस्त्र प्रहरी बल १२ नम्बर गण) ले भने डीएसपी पौडेलको स्वास्थ्य अवस्था कमजोर भएकाले केही समय आरामका लागि गणमा बोलाइएको जानकारी दिनुभयो। साथै, तत्कालका लागि अर्को डीएसपीलाई मटिअर्वा सिमा सुरक्षा गुल्ममा खटाइएको उहाँले बताउनुभयो । यस विषयसँगै सामाजिक सञ्जालमा पनि चर्चा बढेको छ । मटिअर्वाका स्थानीय पत्रकार राजु चौरसियाले शुक्रबार साँझ सामाजिक सञ्जाल फेसबुकमार्फत डीएसपी र तस्करबीच रकम लेनदेनसम्बन्धी आरोपसहित पोस्ट सार्वजनिक गरेपछि घटनाले थप चर्चा पाएको हो ।

यद्यपि, सम्बन्धित निकायबाट औपचारिक छानबिन निष्कर्ष सार्वजनिक भइनसकेकाले आरोपहरूको पुष्टि हुन बाँकी रहेको छ । स्थानीयवासीले भने सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणका लागि निष्पक्ष र पारदर्शी छानबिनको माग गरेका छन् ।

# पोखरियामा आर्थिक अनियमितताको आरोप, ७ करोड 'गायब' भएको दाबी

**राजन कुमार बानिया**
**पर्सा, १२ बैशाख**




पर्साको पोखरिया नगरपालिका मा आर्थिक अनियमितता र प्रशासनिक बेथितिबारे गम्भीर आरोप सार्वजनिक भएका छन् । उपप्रमुख रूवि ठाकुर ले नगरको खाताबाट करिब ७ करोड रुपैयाँ बराबरको रकम गायब भएको दाबी गरेकी छन् ।

सञ्चारकर्मीसँगको कुराकानीमा उपप्रमुख ठाकुरले उक्त रकम नगरप्रमुख प्रयुक्त चौहान को एकल निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत र लेखापालको मिलेमतोमा अपारदर्शी रूपमा खर्च गरिएको हुन सक्ने आशंका व्यक्त गरिन् । उनका अनुसार सशर्त अनुदानअन्तर्गत आएको ठूलो रकम पारदर्शी ढंगले खर्च नभएको देखिएको छ ।

ठाकुरले नगरपालिकाको समग्र आर्थिक अवस्था चिन्ताजनक रहेको उल्लेख गर्दै करिब ११ महिनादेखि कर्मचारीहरूले तलब नपाएको, जनप्रतिनिधिहरूले भत्ता नपाएको तथा ठेकेदारहरूको भुक्तानीसमेत रोकिएको बताइन् । यसले नगरपालिकाको प्रशासनिक तथा सेवा प्रवाह प्रणाली नै प्रभावित बनेको उनको भनाइ छ।

उपप्रमुख ठाकुरले नगरप्रमुखले सामूहिक निर्णय प्रक्रियालाई बेवास्ता गर्दै एकल रूपमा आर्थिक निर्णयहरू गर्दै आएको आरोपसमेत लगाएकी छन् । यसले नगरपालिकाभित्र पारदर्शिता, जवाफदेहिता र सुशासनमाथि गम्भीर प्रश्न उठाएको उनले बताइन् ।

यसैबीच, युवा संघ नेपाल पर्साका सचिव राकेश महतो ले एक महिना अघि आय-व्यय विवरण सार्वजनिक गर्न माग गर्दै निवेदन दिएका थिए । तर उक्त मागमा कुनै कारबाही नभएको भन्दै स्थानीय तहमा असन्तुष्टि बढ्दै गएको छ ।

आर्थिक अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले समेत पटक-पटक छानबिन गरेको बताइए पनि ठोस नतिजा सार्वजनिक नभएको भन्दै स्थानीयवासीले चासो र आक्रोश व्यक्त गरेका छन् ।

लामो समयदेखि जारी आर्थिक विवाद, कर्मचारीको तलब रोकिएको अवस्था र ठेकेदारको भुक्तानी नहुँदा नगरपालिकाको सेवा प्रवाह प्रभावित बनेको छ । यद्यपि, आरोपबारे नगरप्रमुख तथा सम्बन्धित अधिकारीहरूले हालसम्म औपचारिक प्रतिक्रिया दिएका छैनन् ।

# मौलापुरमा संघर्ष समितिको चरणबद्ध आन्दोलन घोषणा, तालाबन्दीसम्मका कार्यक्रम सार्वजनिक

**शु.आ. सम्बाददाता**
**रौतहट, १२ बैशाख**




रौतहटको मौलापुरमा आधारभूत सेवा सुविधा तथा बाँकी भुक्तानीसम्बन्धी समस्या समाधानको माग गर्दै गठित संघर्ष समितिले चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ। लामो समयदेखि बिजुली, खानेपानी तथा विवाहसँग सम्बन्धित बाँकी भुक्तानी नपाएको भन्दै दबाब सिर्जना गर्न आन्दोलन घोषणा गरिएको समितिले जनाएको छ ।

मौलापुर बजारमा आयोजित पत्रकार सम्मेलनमार्फत कार्यक्रम सार्वजनिक गर्दै संघर्ष समितिले स्थानीय समस्या समाधानका लागि सरोकारवाला निकाय गम्भीर नबनेको आरोप लगाएको छ । घोषित कार्यक्रमअनुसार वैशाख १३ गतेदेखि टोल-टोलमा अन्तरक्रिया तथा हस्ताक्षर संकलन अभियान सञ्चालन गरिनेछ। यस अभियानमार्फत स्थानीय बासिन्दाको व्यापक समर्थन जुटाउँदै आन्दोलनलाई थप सशक्त बनाउने योजना रहेको छ।

त्यसैगरी वैशाख १५ गते प्रमुख जिल्ला अधिकारीमार्फत सम्बन्धित निकायलाई औपचारिक ज्ञापनपत्र बुझाइने कार्यक्रम तय गरिएको छ। ज्ञापनपत्रमा स्थानीय समस्या र ती समस्याको तत्काल समाधानका मागहरू समावेश गरिने जनाइएको छ ।

संघर्ष समितिले वैशाख २१ गते नगरपालिकामा विरोध प्रदर्शन गर्ने कार्यक्रमसमेत घोषणा गरेको छ । प्रदर्शनमार्फत समस्या समाधानमा ढिलाइ भएकोप्रति ध्यानाकर्षण गराइने बताइएको छ ।

मागहरू सम्बोधन नभए अन्तिम चरणमा जेठ ४ गतेदेखि नगरपालिकामा तालाबन्दी गर्ने कार्यक्रम तय गरिएको छ। समितिले चेतावनी दिँदै भनेको छ–यदि मागहरू बेवास्ता गरिए आन्दोलन अझ सशक्त र कडा बनाइनेछ ।

संघर्ष समितिका संयोजक भोला पाण्डे ले नागरिकका आधारभूत सेवा सुविधा र बाँकी भुक्तानीको समस्या तत्काल समाधान गर्न सम्बन्धित निकायसँग आग्रह गर्नुभयो ।

स्थानीयवासीले लामो समयदेखि भोग्दै आएको समस्या समाधानका लागि आन्दोलन अपरिहार्य बनेको उल्लेख गर्दै सम्बन्धित निकायले समयमै पहल नगरे परिस्थिति थप जटिल बन्न सक्ने चेतावनी दिएका छन् ।

# कलैयामा ट्राफिक व्यवस्थापनका लागि नयाँ व्यवस्था, सबै सार्वजनिक सवारी बसपार्कबाटै सञ्चालन गर्न निर्देशन

**शु.आ. सम्बाददाता**
**बारा, १२ बैशाख**




बाराको कलैया उपमहानगरपालिका ले बजार क्षेत्रको बढ्दो ट्राफिक चाप र अव्यवस्थालाई नियन्त्रण गर्न नयाँ व्यवस्था लागू गरेको छ। नगरपालिकाले भरत चोकबाट विभिन्न गन्तव्यतर्फ छुट्ने सार्वजनिक सवारी साधनहरूलाई अनिवार्य रूपमा वडा नं. ४ स्थित बसपार्कबाट सञ्चालन गर्नुपर्ने निर्णय कार्यान्वयनमा ल्याएको हो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत माधव प्रसाद यादव ले जारी गरेको सूचनाअनुसार वीरगञ्ज, नारायणघाट र काठमाडौंका लागि सञ्चालन हुने बस, म्याजिक, टेम्पो तथा टाटा सुमो लगायतका सबै सार्वजनिक सवारी साधनहरू तोकिएको बसपार्कबाटै सञ्चालन गर्नुपर्नेछ।

नगरपालिकाले यस व्यवस्थाबाट बजार क्षेत्रमा देखिएको सवारी चाप, अव्यवस्थित पार्किङ तथा जामको समस्या न्यूनीकरण हुने अपेक्षा गरेको जनाएको छ । विशेषगरी भरत चोक आसपासका क्षेत्रमा अनियन्त्रित रूपमा सवारी रोक्ने र यात्रु चढाउने-ओराल्ने प्रवृत्तिका कारण दैनिक रूपमा ट्राफिक जाम बढ्दै आएको थियो ।

यद्यपि, विगतमा पनि यस्तै प्रकारका निर्णयहरू पटक-पटक सार्वजनिक गरिए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा बजारको समस्या ज्यूँका त्यूँ रहने गरेको स्थानीयहरूको गुनासो छ । यसपटक भने नगरपालिकाले ट्राफिक व्यवस्थापनलाई कडाइका साथ लागू गर्ने दाबी गरेको छ । तर, यातायात व्यवसायीहरूको सहयोग र सरोकारवाला निकायबीचको समन्वय अभाव भएमा पुरानै अवस्था दोहोरिने सम्भावना रहेको भन्दै स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन् ।

अब हेर्न बाँकी छ–नयाँ व्यवस्था कत्तिको प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ र बजार क्षेत्रको ट्राफिक व्यवस्थापनमा कत्तिको सुधार आउँछ

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**जनहितमा जारी सन्देश**

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
कवहीगोठ, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com

## सम्पादकीय..........

# सरकारी विज्ञापन नीतिविरुद्ध सञ्चार क्षेत्रको असन्तुष्टि : पुनर्विचारको आवश्यकता

सरकारले तीनै तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने गरी गरेको हालैको निर्णयप्रति सञ्चार क्षेत्रबाट उठेको असन्तुष्टि गम्भीर र समयसापेक्ष छ । लोकतान्त्रिक व्यवस्थामा स्वतन्त्र प्रेस राज्यको चौथो अंग मानिन्छ, जसले सरकारका नीति-निर्णयलाई निगरानी गर्ने, जनताको आवाज बुलन्द गर्ने र पारदर्शिता सुनिश्चित गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यस्तो अवस्थामा सञ्चार माध्यमलाई आर्थिक रुपमा कमजोर पार्ने कुनै पनि नीति स्वतन्त्र पत्रकारिताको आधारमै प्रश्न उठाउने खालको हुन्छ ।

नेपाल पत्रकार महासंघ ले यस निर्णयलाई विभेदकारी र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेपकारी भन्दै देशव्यापी रुपमा विरोध जनाउनु सन्दर्भविहीन होइन । विज्ञापन नै धेरै सञ्चारमाध्यमको मुख्य आयस्रोत भएको अवस्थामा एकतर्फी रुपमा राज्यले आफ्नो विज्ञापन नीति सीमित गर्नुले विशेषगरी साना तथा स्थानीय सञ्चारमाध्यमहरुलाई प्रत्यक्ष असर पार्ने निश्चित छ ।

आजको समयमा सञ्चार क्षेत्र केवल सूचना प्रवाहको माध्यम मात्र होइन, सामाजिक उत्तरदायित्व वहन गर्ने एक महत्वपूर्ण संरचना हो । यस्तो संरचनालाई कमजोर बनाउने कुनै पनि नीतिले अन्ततः लोकतान्त्रिक मूल्य-मान्यतालाई नै कमजोर बनाउने खतरा रहन्छ । सरकारको उद्देश्य पारदर्शिता र प्रभावकारी सञ्चार व्यवस्थापन हो भने त्यसका लागि समावेशी, समानुपातिक र निष्पक्ष विज्ञापन वितरण नीति आवश्यक छ, कुनै एक वर्ग वा संस्थालाई प्राथमिकता दिने होइन । यस विषयमा सरकार र सञ्चार क्षेत्रबीच संवाद अपरिहार्य देखिन्छ । टकराव होइन, सहकार्यबाट मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ । प्रेस स्वतन्त्रता कुनै पनि लोकतान्त्रिक मुलुकको मेरूदण्ड भएकाले त्यसलाई कमजोर पार्ने निर्णयहरु पुनर्विचार गर्नु नै उचित हुन्छ ।

अन्ततः, सरकारले आलोचनालाई असन्तुष्टि होइन, सुधारको अवसरका रुपमा लिन सके मात्र लोकतान्त्रिक अभ्यास थप सुदृढ बन्न सक्छ ।

# कम्युनिस्ट आन्दोलनको पुनर्जीवन

*आनन्द पोखरेल*

पुनर्जीवनको प्रश्न चमत्कारको होइन । यो इच्छाशक्ति, स्पष्टता र निरन्तर कामले कम्युनिस्ट आन्दोलनले पुनर्जीवन प्राप्त गर्न सकिन्छ ।

नेपालको वामपन्थी राजनीति आज निर्णायक मोडमा उभिएको छ । कुनै समय सिंगो राजनीतिक धारलाई नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी अहिले चुनौती, आलोचना र अविश्वासको घेरामा छन् । तर इतिहासले देखाएको एउटा स्पष्ट सत्य के हो भने आन्दोलनहरू नारा र भावनाले होइन, विचार, संगठन र जनविश्वासको ठोस आधारमा चल्नु पर्छ । त्यसैले कम्युनिस्ट आन्दोलनको पुनर्जीवन सम्भव छ, यो केवल भावनात्मक आवेगबाट होइन, स्पष्ट रणनीति र दीर्घकालीन दृष्टिकोणबाट मात्र सम्भव हुनेछ । एमालेका लागि पुनर्जीवनको मूल आधार विचार (मार्क्सवाद र जनताको बहुदलीय जनवाद (जबज)), सुदृढ संगठन र जनविश्वासको पुनर्निर्माण हो । आजको आवश्यकता विगतको उपलब्धि गन्नु होइन, वर्तमानको यथार्थ स्वीकार्दै भविष्यको मार्गचित्र तयार गर्नु हो । पुनर्जीवनको अनिवार्य सर्त- आत्मसमीक्षा र रूपान्तरण : कुनै पनि राजनीतिक शक्ति कमजोर बन्छ भने त्यसका पछाडि बाह्यमात्र होइन, आन्तरिक कारणहरू पनि हुन्छन् । सत्तामा रहँदा देखिएको अहंकार, भ्रष्टाचारप्रति सहिष्णुता र जनतासँगको दूरी यी सबै प्रश्नलाई टारेर होइन, स्वीकारेर मात्र अगाडि बढ्न सकिन्छ । 'गल्ती स्वीकार्नु कमजोरी होइन, शक्ति हो' भन्ने संस्कार विकास नगरी पुनर्जीवनको यात्रा सुरु हुन सक्दैन ।

त्यसैगरी विचारको पुन :परिभाषा अपरिहार्य छ । जबजले नेपाली समाजलाई लोकतान्त्रिक अभ्यासमा जोड्ने ऐतिहासिक भूमिका खेलेको हो । तर आजको विश्व डिजिटल, वैश्विक र जटिल बनिसकेको छ । वैदेशिक रोजगारी, युवा पलायन, जलवायु संकट, प्रविधि-आधारित अर्थतन्त्रको नयाँ यथार्थलाई सम्बोधन नगर्ने विचार, जति नै गौरवशाली भए पनि, अप्रासंगिक बन्न सक्छ । त्यसैले विचारलाई जोगाउने होइन, विकास गर्ने समय आएको छ ।

कम्युनिस्ट आन्दोलनको पुनर्जीवनका चरणहरू

पुनर्जीवन भन्नाले विगतका कमजोरी, विभाजन, विचलन र जनसम्पर्कको ह्रासलाई सच्याएर आन्दोलनलाई नयाँ ऊर्जा, स्पष्ट दिशा र जनआधारसहित अगाडि बढाउने प्रक्रिया बुझिन्छ । यसका मुख्य चरणहरू यसरी प्रस्तुत गर्न सकिन्छ :-

पहिलो चरण (१ वर्ष) आधार सुदृढीकरण : पुनर्जीवनको पहिलो चरण आत्मआलोचना, विचारको अद्यावधिक र संगठनको सफाइ हो । पार्टीले सार्वजनिक रूपमा आफ्ना कमजोरीहरूको समीक्षा गर्नुपर्छ । यसले आलोचना निम्त्याउँछ, तर दीर्घकालीन रूपमा विश्वास निर्माण गर्छ । संगठनतर्फ, गुटबन्दी र अवसरवाद सबैभन्दा ठूलो चुनौती हुन् । विचारभन्दा व्यक्तिपूजा हावी हुँदा संगठन कमजोर हुन्छ । त्यसैले संस्थागत निर्णय प्रणाली बलियो बनाउनुपर्छ, निष्क्रिय संरचनालाई हटाएर स्थानीय तहसम्म सक्रिय र उत्तरदायी संगठन निर्माण गर्नुपर्छ ।

दोस्रो चरण (२-३ वर्ष) विस्तार र विश्वास पुनर्निर्माण : जनताको विश्वास भाषणले होइन, अनुभवले फर्किन्छ । त्यसैले पार्टीले 'घरदैलो' कार्यक्रमलाई मात्र होइन, समस्या समाधान केन्द्रित राजनीतिमा रूपान्तरण गर्नुपर्छ । किसानको उत्पादन, युवाको रोजगारी, शिक्षाको गुणस्तर र स्वास्थ्य सेवाको पहुँच–यी दैनिक जीवनसँग जोडिएका मुद्दामा प्रत्यक्ष काम गर्नुपर्छ । विशेषगरी युवा पुस्तासँगको दूरी खतरनाक रूपमा बढ्दो छ । आजको जेन-जी पुस्ता परम्परागत भाषणभन्दा अवसर, पारदर्शिता र परिणाम खोज्छ । डिजिटल प्लेटफर्ममा प्रभावकारी उपस्थिति, स्टार्टअप र प्रविधिमा आधारित रोजगारीका योजना, र नेतृत्वमा युवाको अर्थपूर्ण सहभागिता–यी बिना भविष्यको राजनीति सम्भव छैन । साथै, सुशासनको सवालमा कुनै सम्झौता हुन सक्दैन । 'जिरो टोलेरेन्स' नीति केवल नारा नभई व्यवहारमा देखिनुपर्छ । नेताको जीवनशैलीदेखि निर्णय प्रक्रियासम्म पारदर्शिता कायम गर्नुपर्छ । आर्थिक दृष्टिकोणमा पनि स्पष्टता आवश्यक छ । आयातमा आधारित उपभोगमुखी अर्थतन्त्रबाट उत्पादनमुखी मोडेलतर्फ जानु अपरिहार्य छ । साना तथा मझौला उद्योग, कृषि आधुनिकीकरण र स्वदेशमै रोजगारी सिर्जना गर्ने नीतिबिना जनताको अपेक्षा पूरा हुन सक्दैन ।

तेस्रो चरण (३-५ वर्ष) नेतृत्व पुनर्स्थापना : यदि पहिलो दुई चरण प्रभावकारी रूपमा कार्यान्वयन भए भने, तेस्रो चरणमा पार्टी पुनः राष्ट्रिय एजेन्डा सेट गर्ने अवस्थामा पुग्न सक्छ । राजनीति केवल प्रतिक्रियात्मक होइन, अग्रसर हुनुपर्छ । शिक्षा सुधार, स्वास्थ्य सुरक्षा, ऊर्जा विकास र पूर्वाधार विस्तार–यी क्षेत्रमा स्पष्ट र कार्यान्वयनयोग्य नीति ल्याउन सक्नुपर्छ । नेतृत्वको प्रश्न पनि उत्तिकै महत्वपूर्ण छ । पुरानो अनुभव र नयाँ ऊर्जाबीच सन्तुलन कायम नगरी दीर्घकालीन स्थायित्व सम्भव छैन ।

नयाँ पुस्तालाई नेतृत्वमा ल्याउँदै, अनुभवलाई मार्गदर्शक शक्तिका रूपमा उपयोग गर्नुपर्छ । चुनावी रणनीतिमा पनि परिवर्तन आवश्यक छ । परम्परागत शैलीभन्दा डाटा-आधारित, स्थानीय मुद्दा केन्द्रित र लक्षित अभियान प्रभावकारी हुन्छन् । मतदाताको व्यवहार, प्राथमिकता र अपेक्षालाई बुझेर रणनीति बनाउनुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा पनि सन्तुलित र स्पष्ट दृष्टिकोण आवश्यक छ । नेपालको सार्वभौमसत्ता, विकास र स्थिरतालाई केन्द्रमा राख्दै कूटनीतिक सम्बन्ध सन्तुलित ढंगले सञ्चालन गर्नुपर्छ ।

केही मार्क्सवाद र जबज विरोधीहरूले कम्युनिस्ट आन्दोलन समाप्त भयो भनेर प्रचार गरिरहेका छन् । थाकेका वामपन्थी भनिनेहरू निराशा र भविष्य देख्न नसक्दाको कारण आन्दोलन समाप्त भएको निष्कर्ष निकाल्दै छन् । यो सबै गलत चिन्तनको उपज हो । चुनौतीहरू र यथार्थको सामना : सबैभन्दा ठूलो चुनौती विचार, संगठन र जनविश्वासमा ह्रास हो । यसलाई भाषणले होइन, कामले मात्र फर्काउन सकिन्छ । दोस्रो, आन्तरिक विभाजन र गुटबन्दी कुनै पनि संगठनको शक्ति कमजोर बनाउने प्रमुख कारण हो । तेस्रो, नयाँ राजनीतिक शक्तिहरूको उदय, जसले परम्परागत दलहरूलाई चुनौती दिइरहेका छन् । चौथो, युवा पुस्ताको विमुखता, जसले भविष्यको राजनीति निर्धारण गर्नेछ । यी चुनौतीहरूलाई अस्वीकार गरेर होइन, स्वीकार गरेर समाधान खोज्नुपर्छ ।

पुनर्निर्माणको साहस : केही मार्क्सबाद र जबज विरोधीहरूले कम्युनिस्ट आन्दोलन समाप्त भयो भनेर प्रचार गरिरहेका छन् । थाकेका वामपन्थी भनिनेहरू निराशा र भविष्य देख्न नसक्दाको कारण आन्दोलन समाप्त भएको निष्कर्ष निकाल्दै छन् । यो सबै गलत चिन्तनको उपज हो । हो आन्दोलनले धक्का खाएको छ । संकटमा छ भन्ने कुरा अस्वीकार गर्न सकिँदैन । तर आन्दोलन समाप्त हुदैन । पुनर्जीवन दिनुपर्छ । अहिले नीति र नेतृत्वको परिवर्तनले नै आन्दोलनको रक्षा हुन्छ ।

यदि एमालेले विचारलाई समयअनुकूल बनायो, संगठनलाई इमानदार र अनुशासित बनायो र जनतासँगको प्रत्यक्ष सम्बन्ध पुनर्स्थापित गऱ्यो भनेमात्र आगामी पाँच वर्षमा पुनः प्रमुख राजनीतिक शक्तिको रूपमा उभिन सक्ने सम्भावना प्रबल रहन्छ । यदि आत्मसमीक्षा टारियो, सुधारलाई ढिलाइ गरियो र पुरानै शैलीमा राजनीति गरियो भने, इतिहासको गौरवमात्र स्मरण गर्ने अवस्था आउन सक्छ । अन्ततः, पुनर्जीवनको प्रश्न कुनै चमत्कारको होइन । यो इच्छाशक्ति, स्पष्टता र निरन्तर कामको परिणामले मात्र कम्युनिस्ट आन्दोलनले पुनर्जीवन प्राप्त गर्न सकिन्छ ।

पोखरेल, पूर्वमन्त्री हुन् ।

गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०, ९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# मध्यपूर्व सङ्कट समाधानतर्फ अन्तर्राष्ट्रिय प्रयास तीव्र

***निकोसिया-*** युरोपेली सङ्घका नेताहरूले मध्यपूर्व क्षेत्रमा जारी द्वन्द्वप्रति गहिरो चिन्ता व्यक्त गर्दै त्यसको स्थायी र दीर्घकालीन समाधानका लागि कूटनीतिक प्रयासलाई अझ सशक्त बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् । साइप्रसमा सम्पन्न महत्वपूर्ण बैठकपछि उर्सुला फन डेर लेयेनले वर्तमान अवस्थालाई केवल अस्थायी रूपमा शान्त पार्ने प्रयास पर्याप्त नभएको स्पष्ट पार्दै दीर्घकालीन शान्ति स्थापना नै सबैको साझा लक्ष्य हुनुपर्ने बताइन् ।

उनले विशेष गरी हर्मुज जलडमरूमध्यको महत्व उल्लेख गर्दै यस जलमार्गमा बिना कुनै अवरोध र अतिरिक्त शुल्क जहाजहरूको स्वतन्त्र आवतजावत सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् । उक्त जलमार्ग विश्व व्यापार तथा ऊर्जा आपूर्तिको दृष्टिले अत्यन्तै संवेदनशील र महत्वपूर्ण भएकाले यसको निर्बाध सञ्चालन सम्पूर्ण विश्वको हितमा रहेको उनको धारणा थियो ।

यसै सन्दर्भमा एन्टोनियो कोस्टाले पनि द्वन्द्वका कारण मानव जीवन, भौतिक संरचना तथा विश्व अर्थतन्त्रमा गम्भीर नकारात्मक प्रभाव परेको उल्लेख गरे । उनले प्रत्येक दिन समाधानबिना बित्दै जाँदा परिस्थिति अझ जटिल बन्दै गएको बताउँदै तत्काल र प्रभावकारी पहल आवश्यक रहेकोमा जोड दिए । साथै, हर्मुज जलडमरूमध्यलाई तुरुन्तै पूर्ण रूपमा खुला गरिनुपर्ने र यसको स्वतन्त्र प्रयोग सुनिश्चित गरिनुपर्ने उनले बताए ।

त्यसैगरी, नेताहरूले लेबनानको वर्तमान अवस्थाबारे पनि विशेष चिन्ता व्यक्त गरेका छन् । लेबनानको सार्वभौमिकता, स्वतन्त्रता र भौगोलिक अखण्डताको पूर्ण सम्मान गर्दै त्यहाँ स्थायित्व र शान्ति कायम गर्न निरन्तर कूटनीतिक प्रयास आवश्यक रहेको उनीहरूको धारणा थियो । उनीहरूले लेबनानमा स्थिरता बिना समग्र क्षेत्रमा दीर्घकालीन शान्ति सम्भव नहुने कुरामा जोड दिएका छन् ।

ऊर्जा क्षेत्रका दृष्टिकोणले पनि यो द्वन्द्वले गम्भीर असर पारेको देखिएको छ। युरोपेली सङ्घले आयातित जीवाश्म इन्धनमा खर्च उल्लेखनीय रूपमा बढेको जनाएको छ, जसले आर्थिक भार थपिएको सङ्केत गर्दछ। यस चुनौतीलाई मध्यनजर गर्दै स्वदेशमै उत्पादन हुने स्वच्छ र दिगो ऊर्जाको प्रयोग बढाउने दिशामा ठोस योजना अघि सार्ने तयारी भइरहेको जनाइएको छ ।

युरोपेली सङ्घले मध्यपूर्वमा दीर्घकालीन शान्ति स्थापना, आर्थिक स्थिरता कायम राख्ने तथा विश्वव्यापी ऊर्जा सुरक्षालाई सुदृढ बनाउने उद्देश्यले कूटनीतिक समाधानलाई नै सबैभन्दा उपयुक्त मार्गका रूपमा अघि सारेको देखिन्छ ।

# इजरायल-लेबनान वार्ता प्रयाससँगै क्षेत्रीय तनाव अझ गहिरिँदै

***एजेन्सी-*** युरोपेली परिषद्का अध्यक्ष एन्तोनियो कोस्टाले जलडमरूलाई कुनै पनि प्रतिबन्ध वा शुल्क बिना तत्काल पुनः खोलिनुपर्ने आवश्यकता रहेको बताएका छन् । उनले यसलाई विश्वव्यापी अर्थतन्त्र र आपूर्ति प्रणालीका लागि अत्यन्त महत्वपूर्ण विषयका रूपमा उल्लेख गरे ।

यसैबीच, संयुक्त राज्य अमेरिका र इरानका अधिकारीहरू पाकिस्तानतर्फ प्रस्थान गरिरहेको अवस्थामा विश्व वित्तीय बजारमा सकारात्मक प्रभाव देखिएको छ। कम्पनीहरूको राम्रो नाफा विवरणपछि वॉल स्ट्रिटका प्रमुख शेयर सूचकांकहरू नयाँ रेकर्ड स्तरमा बन्द भएका छन् ।

सुरक्षा अवस्थाको सन्दर्भमा, संयुक्त राज्य अमेरिकाले मध्यपूर्व क्षेत्रमा आफ्नो सैन्य उपस्थिति थप सुदृढ गर्दै तेस्रो विमानवाहक युद्धपोत पनि तैनाथ गरेको छ ।

कूटनीतिक प्रयासतर्फ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र लेबनानबीच दीर्घकालीन शान्तिको सम्भावनाबारे आशावादी विचार व्यक्त गरेका छन् । उनले हालैका भेटवार्तापछि त्रिपक्षीय संवादको सम्भावना रहेको संकेत गरे । यद्यपि, इजरायल र लेबनान दशकौंदेखि औपचारिक रूपमा द्वन्द्वको अवस्थामा रहेका छन् ।

तर हिजबुल्लाहका संसदीय समूह प्रमुख मोहम्मद रादले लेबनान सरकारलाई इजरायलसँग प्रत्यक्ष वार्ताबाट पछि हट्न आग्रह गर्दै प्रस्तावित शान्ति सम्झौताले राष्ट्रिय सहमति नपाउने टिप्पणी गरे ।

यसैबीच, इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हिजबुल्लाहले शान्ति प्रक्रियामा अवरोध पुऱ्याउन खोजिरहेको आरोप लगाउँदै इजरायल लेबनानसँग ऐतिहासिक शान्ति स्थापना गर्ने दिशामा अघि बढिरहेको बताए । दक्षिण लेबनानको टायर शहरमा भने युद्धको प्रभाव अझै गहिरो देखिएको छ । इजरायली हवाई आक्रमणमा ज्यान गुमाएका आफ्ना परिवारका सदस्यहरूको सम्झनाका वस्तुहरू खोज्दै एक व्यक्तिले आफ्नो जीवन अत्यन्त कठिन बनेको र लामो समयदेखि निद्रा नपरेको भावुक रूपमा बताएका छन् ।




# पोखरियामा समुदाय-प्रहरी साझेदारी कार्यक्रम, ट्राफिक सचेतनामा जोड

राजन कुमार बानिया
पर्सा, १२ वैशाख

पर्साको पोखरियामा समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । इलाका प्रहरी कार्यालय पोखरिया को आयोजनामा भएको कार्यक्रम प्रहरी निरीक्षक प्रदीप पौडेल को अध्यक्षतामा सम्पन्न भएको हो । कार्यक्रममा स्थानीयवासी, बुद्धिजीवी तथा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रहरी निरीक्षक पौडेलले ट्राफिक नियमको कडाइका साथ पालना गर्न सबैलाई आग्रह गर्नुभयो । उहाँले सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्दै मादक पदार्थ तथा लागुऔषध सेवन गरी सवारीसाधन सञ्चालन नगर्न विशेष रूपमा चेतावनी दिनुभयो। साथै, मोटरसाइकल चलाउँदा अनिवार्य रूपमा हेलमेट प्रयोग गर्नुपर्नेमा जोड दिँदै साना लापरवाहीले पनि ठूला दुर्घटना निम्त्याउन सक्ने भएकाले नागरिक स्वयं सचेत हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले ट्राफिक नियमप्रति जनचेतना अभिवृद्धि गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने धारणा व्यक्त गरेका थिए ।




उनीहरूले सडक अनुशासन कायम गर्न प्रहरी र समुदायबीच सहकार्य अपरिहार्य रहेकोमा जोड दिएका थिए । यसैक्रममा ट्राफिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले पोखरियाका विभिन्न स्थानहरूमा सन्देशमूलक होर्डिङ बोर्डहरू समेत स्थापना गरिएको जानकारी दिइएको छ। ती बोर्डहरूमा सुरक्षित यात्रा, हेलमेट प्रयोग, मादक पदार्थ सेवन नगरी सवारी चलाउने लगायतका सन्देशहरू समावेश गरिएको आयोजकले जनाएको छ ।


# विद्यालय प्रधानाध्यापकप्रति व्यवहारबारे विवादपछि सांसद पोखरेलको आत्मालोचना

काठमाडौं, १२ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टी का सांसद विश्वराज पोखरेल ले ओखलढुङ्गास्थित एक विद्यालयका प्रधानाध्यापकलाई लक्षित गर्दै गरेको व्यवहार सामाजिक सञ्जालमा भाइरल भएपछि सार्वजनिक रूपमा आत्मालोचना गरेका छन् ।

ओखलढुङ्गा जिल्लास्थित चण्डेश्वरी माध्यमिक विद्यालय का प्रधानाध्यापक सन्तबहादुर मगर लाई विद्यालय प्रवेशद्वारमा स्वागत गर्न नआएको भन्दै सांसद पोखरेलले कडा शब्दमा प्रतिक्रिया दिएको भिडियो सार्वजनिक भएपछि आलोचना भएको थियो ।

घटनापछि सांसद पोखरेलले शनिबार एक विज्ञप्ति जारी गर्दै आफ्नो व्यवहारप्रति क्षमायाचना गरेका छन्। उनले सार्वजनिक पदमा रहँदा बोली, व्यवहार र संयम अझ उच्च स्तरको हुनुपर्ने स्वीकार गर्दै कुनै पनि अभिव्यक्ति वा व्यवहारले कसैको आत्मसम्मानमा चोट पुगेको भए हृदयदेखि क्षमायाचना गर्ने उल्लेख गरेका छन् ।




विज्ञप्तिमा उनले भनेका छन्, “यदि मेरो व्यवहारका कारण कसैलाई असहजता भएको छ भने म अझ बढी धैर्य, मर्यादा र सम्मानका साथ प्रस्तुत हुनुपर्थ्यो। मेरो अभिव्यक्तिबाट कसैको भावना वा मर्यादामा चोट पुगेको भए म क्षमाप्रार्थी छु ।”

सांसद पोखरेलले घटनाको सम्पूर्ण सन्दर्भ नबुझी केही क्षणका दृश्य मात्र काटछाँट गरी सामाजिक सञ्जालमा भाइरल बनाइएको दाबीसमेत गरेका छन्। साथै, आफू जनताको सेवा गर्न राजनीतिमा आएको उल्लेख गर्दै आगामी दिनमा अझ जिम्मेवार व्यवहार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

सुरक्षित पर्यावरणको माध्यमबाट किराको ब्यस्थापन गरौं ।
आफ्नो स्वस्थ्य बचाउ ।
उत्पादन बढाउ ।।
प्रसौनी गाउँपालिका
प्रसौनी, बारा




तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# रजवटियामा 'रजवटिया प्रीमियर लिग' सुरू, युवामा खेलकुदप्रति उत्साह बढ्दै

***शु.आ. संवाददाता***
***बारा, १२ बैशाख***

बाराको फेटा गाउँपालिका-१ अन्तर्गत रजवटिया टोलमा "रजवटिया प्रीमियर लिग" आजदेखि औपचारिक रूपमा सुरु भएको छ। एक कार्यक्रमका बीच युवा नेता उमेश दुबेले फिता काटेर प्रतियोगिताको उद्घाटन गर्नुभएको हो । उद्घाटन समारोहमा बोल्दै दुबेले खेलकुद युवाहरूलाई अनुशासन, ऊर्जा र सकारात्मक सोचतर्फ उन्मुख गराउने सशक्त माध्यम भएको बताउनुभयो। उहाँले स्थानीय स्तरमै आयोजना गरिने यस्ता प्रतियोगिताले लुकेका खेल प्रतिभाहरूको पहिचान र विकासमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गर्नुभयो। साथै, खेलकुद तथा युवा लक्षित कार्यक्रमलाई आगामी दिनमा थप प्राथमिकता दिने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो।



कार्यक्रममा वडा सदस्य लोहा यादव, समाजसेवी मोहन दास, हिरालाल दास तथा शेसनाथ यादवलगायत स्थानीय अगुवाहरूको उपस्थिति रहेको थियो। उपस्थित वक्ताहरूले खेलकुदले समाजमा एकता, सद्भाव र सहकार्यको भावना मजबुत बनाउने विश्वास व्यक्त गरेका थिए ।

आयोजक समितिका अनुसार प्रतियोगितामा विभिन्न स्थानीय टिमहरूको सहभागिता रहनेछ। केही दिनसम्म सञ्चालन हुने लिगले युवाहरूमा खेलकुदप्रतिको रुचि बढाउनुका साथै नयाँ प्रतिभा उजागर गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय स्तरमा खेल गतिविधि विस्तारसँगै रजवटियामा खेलमय वातावरण सिर्जना हुने विश्वास गरिएको आयोजकले जनाएको छ ।

# सुवर्णमा रक्तदान अभियानः युवाको सक्रियतासँगै २४ जनाद्वारा रक्तदान

***शु.आ. संवाददाता***
***बारा, १२ बैशाख***

बाराको सुवर्ण गाउँपालिकामा युवाहरूको पहलमा आयोजित बृहत् रक्तदान कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। जेनजी एण्ड यूथ अफ बाराको सुवर्ण गाउँपालिका कमिटीको आयोजनामा भएको कार्यक्रममा एक जना महिला सहित २४ जनाले रक्तदान गरेका छन् ।

सामाजिक उत्तरदायित्वलाई केन्द्रमा राख्दै आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय युवाहरूको उल्लेखनीय सहभागिता देखिएको आयोजकले जनाएको छ।

रक्तदान जस्तो सेवामूलक कार्यमार्फत समाजमा सहयोग र सहकार्यको भावना अभिवृद्धि हुने विश्वास लिइएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै सुवर्ण गाउँपालिकाका अध्यक्ष राजेश यादवलले युवाहरूको यस्तो पहल प्रशंसनीय भएको बताउनुभयो। उहाँले यस्ता कार्यक्रमहरूले समाजमा मानवता र सहयोगको सन्देश फैलाउने उल्लेख गर्दै आगामी दिनमा पनि निरन्तरता दिन आग्रह गर्नुभयो ।



त्यसैगरी बारा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य चन्दन कुमार सिंह र क्षेत्र नम्बर ३ का सांसद अरविन्द साहले कार्यक्रमस्थलमै पुगेर रक्तदाताहरूलाई हौसला प्रदान गर्नुभएको थियो ।

उहाँहरूले रक्तदानलाई जीवन रक्षासँग प्रत्यक्ष जोडिएको कार्य भन्दै नियमित रूपमा यस्ता अभियान सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रममा सौरभ पाण्डे, धर्मवीर यादव, प्रशान्त यादव, सुरज साह, दिपेन्द्र साह, सुरज खनाल, राजु कुमार यादव तथा तमन्ना अलीलगायतको उपस्थिति रहेको थियो । आयोजक समितिले रक्तदान जस्तो अभियानले समाजमा आपसी सद्भाव, एकता र सेवाभाव प्रवर्द्धन गर्ने विश्वास व्यक्त गर्दै आगामी दिनमा अझ व्यापक रूपमा यस्ता कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिएको छ।

# मेयर कप क्रिकेटः विजेता इनर्वा टोलीलाई नगद पुरस्कार सहित सम्मान

***शु. आ. सम्बाददाता***
***रौतहट, १२ वैशाख***

जिल्लाको बौधिमाई नगरपालिकामा हालै सम्पन्न मेयर कप क्रिकेट प्रतियोगिताको उपाधि विजेता वडा नम्बर २ इनर्वा टोलीलाई एक विशेष कार्यक्रमका बीच नगद पुरस्कार प्रदान गरिएको छ । खेलकुदको माध्यमबाट युवाहरूलाई संगठित गर्ने र स्थानीय स्तरमा रहेका प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले आयोजित यस प्रतियोगिताको फाइनलमा इनर्वाले शानदार जित दर्ता गरेको थियो ।

विजेता खेलाडीहरूको मनोबल उच्च राख्न र उनीहरूको मेहनतको कदर गर्दै विभिन्न क्षेत्रका व्यक्तिहरूले आर्थिक सहयोग तथा पुरस्कारको घोषणा गरेका हुन् ।

टोलीलाई प्रोत्साहन गर्न निम्न व्यक्तित्वहरूले नगद सहयोग प्रदान गरेका छन्ः दिलीप कुमार पटेल युवा नेता जसपा नेपाल उनले व्यक्तिगत तर्फबाट ११ हजार रुपैयाँ प्रदान गरेका छन् । पुरस्कार हस्तान्तरण गर्दै नेता पटेलले खेलकुदले युवाहरूलाई अनुशासित बनाउने र समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने बताए । रामबाबु प्रसाद कुशवाहा पूर्व वडा अध्यक्षः खेलप्रेमी कुशवाहाले टिमको



सफलतामा खुसी व्यक्त गर्दै ४ हजार १ सय रुपैयाँ सहयोग गरेका छन् । जयराम गुप्ता प्रिन्सिपल, ज्ञानकुञ्ज इंग्लिश बोर्डिङः शैक्षिक क्षेत्रका व्यक्तित्व गुप्ताले खेल र शिक्षा एकअर्काका पूरक रहेको बताउँदै २ हजार ५ सय रुपैयाँ पुरस्कार स्वरूप प्रदान गरे ।

स्थानीय स्तरमा आयोजित यस प्रकारका प्रतियोगिताले गाउँ-समाजमा एउटा छुट्टै रौनकता ल्याएको छ । इनर्वा टोलीले प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै उपाधि चुम्न सफल भएको थियो । नगद पुरस्कार प्राप्त गरेपछि खेलाडीहरूमा थप उत्साह देखिएको छ। टोलीका कप्तानले यस सहयोगले आगामी दिनमा अझ राम्रो प्रदर्शन गर्न ऊर्जा मिलेको प्रतिक्रिया दिएका छन् ।

पुरस्कार वितरण कार्यक्रममा बोल्दै अतिथिहरूले खेलकुद केवल मनोरञ्जन मात्र नभई युवाहरूलाई कुलत र नकारात्मक बाटोबाट जोगाउने बलियो माध्यम भएको कुरामा जोड दिए। बौधिमाई नगरपालिकामा खेलकुद पूर्वाधारको विकास र खेलाडीहरूको वृत्तिविकासका लागि यस्ता प्रतियोगिताहरूलाई निरन्तरता दिनुपर्ने माग समेत स्थानीय स्तरमा उठेको छ ।

यस प्रकारका प्रतियोगिता र प्राप्त सम्मानले जिल्लाको खेलकुद जगतमा नयाँ आयाम थप्ने विश्वास गरिएको छ ।

# ठोरी आँखा उपचार केन्द्रको १२ औं वार्षिकोत्सव सम्पन्न, सेवा विस्तारमा जोड

***हरिकिशोर शर्मा***
***पर्सा, १२ बैशाख***

पर्साको ठोरी गाउँपालिका-२ मा अवस्थित ठोरी आँखा उपचार केन्द्रको १२ औं वार्षिकोत्सव सम्पन्न भएको छ । भरतपुर आँखा अस्पताल को शाखाका रूपमा सञ्चालन हुँदै आएको उक्त केन्द्रले स्थापनाको छोटो अवधिमै उल्लेखनीय सेवा विस्तार गरेको बताइएको छ ।

नेपाल नेत्र ज्योति संघ चितवनका निवर्तमान सभापति कृष्णराज धरेल को अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरी ले केन्द्रले स्थानीय तथा सीमावर्ती क्षेत्रमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो। मन्त्री चौधरीले ठोरी क्षेत्रको समग्र विकासका सम्भावनालाई अध्ययन गर्न निकट भविष्यमा प्रदेश सरकारको उच्चस्तरीय टोली ठोरी ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले ठोरीले विकासका विभिन्न क्षेत्रमा गरेको प्रगतिबाट अन्य स्थानीय तहले पनि सिक्नुपर्ने उल्लेख गर्दै आगामी दिनमा प्रदेश सरकारबाट केन्द्रलाई आवश्यक सहयोग उपलब्ध गराइने बताउनुभयो । कार्यक्रममा ठोरी गाउँपालिकाकी उपाध्यक्ष गोकुली कुमारी रेग्मी, नेपाल नेत्र ज्योति संघका केन्द्रीय सल्लाहकार बामदेव खनाल, भरतपुर आँखा अस्पतालका संस्थापक




सचिव प्रभात कुमार जोशी, समावि ठोरीका प्रधानाध्यापक महेन्द्र प्रसाद उपाध्याय तथा चोकबजार बजार व्यवस्थापन समितिका अध्यक्ष कामोध्या प्रसाद चौधरी लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

वि.सं. २०७२ वैशाख १२ गते स्थापना भएको केन्द्रले प्रारम्भमा स्थानीय विद्यालय भवनबाट सेवा सुरु गरेको थियो। हाल आफ्नै आधुनिक भवनबाट सेवा प्रदान गर्दै आएको केन्द्रमा नेपालभन्दा बढी भारतबाट आउने बिरामीहरूको चाप रहेको अस्पताल व्यवस्थापन समितिका कोषाध्यक्ष अनन्त कुमार श्रेष्ठ ले जानकारी दिनुभयो ।

केन्द्रमा आँखा परीक्षण, मोतियाबिन्दुको शल्यक्रिया, फेको विधिबाट उपचार लगायतका विभिन्न सेवाहरू उपलब्ध गरिँदै आएको छ । कार्यक्रमका अवसरमा केन्द्रका संयोजक अमृत कृष्ण सापकोटा ले स्वागत मन्तव्य राख्नुभएको थियो भने सहजीकरण भरतपुर आँखा अस्पतालका सचिव केशव अधिकारी ले गर्नुभएको थियो। यसै अवसरमा ठोरी क्षेत्रका महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि आँखासम्बन्धी समस्या तथा मोतियाबिन्दुको पहिचानबारे एकदिने अभिमुखीकरण कार्यक्रमसमेत सञ्चालन गरिएको केन्द्रले जनाएको छ ।

# नेपाल हिन्द रेडियो श्रोता संघको पाँचौं वार्षिक उत्सव भव्य रुपमा सम्पन्न

***साजिर मन्सूर***
***वीरगंज, १२ बैशाख***

नेपाल हिन्द रेडियो श्रोता संघ वीरगंज-पर्साको आयोजनामा पाँचौं वार्षिक उत्सव भव्य रूपमा सम्पन्न भएको छ । रेडियो श्रोता संघले रेडियो माध्यममार्फत समाजमा धार्मिक, सांस्कृतिक तथा सामाजिक चेतना अभिवृद्धिमा पुऱ्याउँदै आएको योगदानको चर्चा गर्दै कार्यक्रम सम्पन्न गरिएको हो ।

उत्सवका अवसरमा सज्जाद अन्सारी प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो। उहाँले रेडियो श्रोता संघले स्थानीय स्तरमा एकता, सहकार्य र सकारात्मक सन्देश प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै यसको कार्य प्रशंसनीय रहेको बताउनुभयो ।

कार्यक्रममा संघका पदाधिकारीहरूले




विगतका गतिविधिहरूको समीक्षा गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । साथै, संस्थामा सक्रिय रूपमा योगदान पुऱ्याउने सदस्यहरूलाई सम्मान समेत गरिएको आयोजकले जनाएको छ ।

संघका अध्यक्ष पन्नालाल पटेल को अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघसँग आबद्ध सदस्य, स्थानीय समाजसेवी तथा विभिन्न क्षेत्रका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

आयोजकका अनुसार कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ । रेडियो श्रोता संघले आगामी दिनमा पनि सामाजिक, सांस्कृतिक तथा सचेतनामूलक गतिविधिहरूलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ ।

# मधुवनमा अवैध साल काठ कटान गर्दै एक जना पक्राउ

***शु.आ. संवाददाता***
***बारा, १२ बैशाख***

बाराको मधुवन क्षेत्रमा अवैध रूपमा साल जातको काठ कटान गर्दै गरेको अवस्थामा एक जनालाई पक्राउ गरिएको छ ।

शुक्रबार राति करिब १२ बजे मधुवन सब डिभिजन वन कार्यालयबाट खटिएको गस्ती टोलीले उक्त व्यक्तिलाई नियन्त्रणमा लिएको हो। रेञ्जर उदय पुडासैनीको नेतृत्वमा खटिएको टोलीले साल जातको गोलिया काठ १ थान, काठ काट्न प्रयोग गरिएको आरा १ थान र एक थान साइकलसहित उनलाई पक्राउ गरेको जनाएको छ। पक्राउ परेका व्यक्ति र बरामद सामग्रीलाई नियन्त्रणमा राखी थप



अनुसन्धान प्रक्रिया अगाडि बढाइएको मधुवन सब डिभिजन वन कार्यालयले जानकारी दिएको छ ।

वन क्षेत्रमा हुने अवैध काठ तस्करी नियन्त्रण गर्न गस्ती टोलीले सक्रियता बढाएको उल्लेख गर्दै जिल्ला वन कार्यालयले यस कार्यमा खटिएका कर्मचारीहरूलाई धन्यवाद व्यक्त गरेको छ ।

स्थानीयवासीले वन सम्पदाको संरक्षण र अवैध दोहन नियन्त्रणका लागि यस्ता कारबाही प्रभावकारी हुने अपेक्षा व्यक्त गरेका छन् ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका